कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय


धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

फोनः ०१०-५४२०१८


प.सं. : २०७७/०७८

च.नं. :

## अनुदानको मल बिकीको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :२०७७०८०९**

प्रस्तुत बिषयमा अनुदाको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम यस गाउँपालिकाको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७७/०८/०९ को बैठकको निर्णय अनुसार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को परिच्छेद ३ को दफा १५ अनुसार मल बिकेता नियुक्ति तथा बिकी वितरण सम्बन्धी व्यवस्थाको लागि यस गाउँपालिकाभित्र रहेका ईच्छुक कृषि सहकारी संस्था,अन्य सहकारी संस्थाहरु,निजीफर्म वा कम्पनीहरुले तपशिल बमोजिमका कागजातहरु संलग्न राखी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र अर्थात् मिति २०७७/०८/१६ गतेभित्र आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. अनुदानको मल बिकेता नियुक्तीको लागि आवेदन ।

२. सहकारी संस्था, फर्म वा कम्पनीको बैठकको निर्णयको प्रतिलिपी ।

३. सहकारी संस्था,फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थायी लेखा नंम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

४. गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

५. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण ।

६. संस्थाले मलको कारोबार गर्न प्रस्ताव गरेको कार्यक्षेत्र ।

७. नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लागायतका भौतिक पुवार्धारहरुको विवरण ।

८. विगतमा मलको कारोवार गरेको भए मल विकेता प्रमाणपत्रको प्रतिलिपी र गत आ.व.को मल वितरणको विवरण ।

९. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र ।

..................

प्रकाश अधिकारी

प्रमख प्रशासकिय अधिकृत